बैठक संख्या ४५
मिति २०७५/११/१५
समय दिनको :

सिद्धार्थनगर नगरपालिकाको बोर्ड बैठक नगर प्रमुख श्री हरि प्रसाद अधिकारी ज्यूको अध्यक्षतामा निम्न उपस्थिती मा बस्यो ।

उपस्थिती

श्री हरि प्रसाद अधिकारी - प्रमुख सि.न.पा.
श्री उमा कापले - उप-प्रमुख सि.न.पा.
श्री रमेश मल्ल - वडा अध्यक्ष वडा नं १
श्री दिपक कुमार थापा - वडा अध्यक्ष वडा नं २
श्री थानेश्वर पौडेल - " " " ३
श्री मुक्तिनाथ यादव - " " " ४
श्री चेत बहादुर क्षेत्री - " " " ५
श्री विरेन्द्रनाथ श्रीवास्तव - " " " ६
श्री भिमसेन कुमार कर्माचार्य - " " " ७
श्री राजन जंग राणा - " " " ८
श्री शशिकान्त भण्डारी - " " " ९
श्री विजय नाथ धोबी - " " " १०
श्री दिलीप कुमार यादव - " " " ११
श्री करुन्जन कुमार डोरू - " " १२
श्री सतिश प्रसाद मसोनी - " " १३

श्री प्रेम कुमार सेन्चुरी - नं. पा. से.

श्री रामदास हरिजन - " "

श्री लक्ष्मी देवी पाण्डे - " "

बिन्नी श्री बिन्नी कुमारी जैसी - " "

श्री इन्दिरा देवी थेगी - " "

श्री रुपा कुमारी सुनार बराइली " "

श्री गुमान सिंह सुनार सोनी " "

श्री शिव ओड - " "

श्री श्याम बहादुर थापा - प्र. प्र. अधिकृत हि.नं.पा.

विषय

१- कृष्णमूर्ति स्थापनार्थ बजेट विनियोजन गर्ने सम्बन्धमा,

२- जेष्ठ नागरिक स्वास्थ्य परीक्षण सम्बन्धमा ।

३. सरसफाई अभियान सँचालन सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

Scanned by CamScanner

१. यस नगरपालिकाका विभिन्न स्थानहरुमा बुद्ध मूर्तिहरु राख्ने योजना अनुसार पहिलो चरणमा बुद्धचोक देखि आंखा अस्पताल हुदै डण्डा पुलसम्म निश्चित दुरीमा मुर्ति राख्नको लागि फुटकर योजना लगायत विभिन्न योजनाबाट बचत हुने रकमबाट व्यवस्थापन गर्ने गरी रु. २०,००,०००।- बीस लाख विनियोजन गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाभित्र बसोवास गर्ने ८५ वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप स्वीकृत कार्यक्रम अनुसार निःशुल्क स्वास्थ्य परिक्षण गर्न नामावली संकलन, स्वास्थ्यकर्मी व्यवस्थापन लगायतका कार्यहरु यथाशिघ्र शुरु गर्ने निर्णय गरियो ।

३. नगर क्षेत्रभित्रका सम्पुर्ण क्षेत्रहरुमा व्यापक रुपमा सर सफाई कार्यकम संचालन गर्नको लागि आ-आफ्नो वडाका टोल सुधार समितिहरुलाई कृयाशिल बनाई परिचालन गर्ने निर्णय गरियो ।

४. नगरपालिकाबाट संकलन गरिदै आएको सम्पत्तीकर, व्यवसायकर लगायतका करहरु आगामी २०७६ बैशाख देखि हाललाई वडा नं. १,३,६,८,९ गरी जम्मा ५ वटा वडाबाट शुरु गरी राजश्व संकलन कार्य गर्ने निर्णय गरियो । साथै सो कार्यको लागि वडामा कार्यरत कर्मचारीहरु वडा सचिव, सहायक मध्ये लाई कम्प्युटर तालिम समेत न.पा.बाट दिने निर्णय गरियो ।

५. सिद्धार्थनगर नगरपालिका वडा नं. ८ स्थित हाल संचालनमा रहेको श्री जेसिज किण्डर गार्टेन हाइस्कुलले आफ्नो स्कुलको नाम परिवर्तन गर्न प्रकृया पुरा गरी निवेदन पेश गरेको हुंदा उक्त स्कुलको नाम देहाय बमोजिम परिवर्तन गर्ने निर्णय गरियो ।

| साविकको नाम | परिवर्तित नाम |
|---|---|
| नेपालीमा : जेसिज किन्डरगार्टेन हाईस्कुल | नेपालीमा : जेसिज वोर्डिङ हाईस्कुल |
| अंग्रेजीमा : Jaycees Kindergarten High School | अंग्रेजीमा : Jaycees Boarding High School |

६. यस न.पा.को वडा नं. ५ र १३ मा पर्ने जिल्ला प्रशासन कार्यालय देखि मालपोत कार्यालय सम्म आउने सेवाग्राहीहरुको सवारी साधन (चार पाग्रे, दुई पाग्रे) हरुको व्यवस्थित पार्किङको लागि ति सवारीबाट निश्चित शुल्क लिई आगामी आषाढ मसान्त सम्मको लागि द लर्ड बुद्ध युवा क्लव वडा नं.१३ लाई मासिक रु. ५,०००।- पांच हजार राजश्व बुझाउने गरी जिम्मा दिने निर्णय गरियो ।

७. नगरपालिकाका महत्वपुर्ण विभिन्न स्थानहरु छनौट गरी नयां सडक वत्ती जडान गर्न प्रमुख ज्युलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner